नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. :४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेश विज्ञप्ती

आज २०८१ भाद्र २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अठारौं राष्ट्रिय दिवस, मूल समारोह कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री नवल किशोर साह सुडीज्यूको प्रमुख आतिथ्यता र मन्त्रालयका सचिव श्री दिनेश भट्टराईज्यूको अध्यक्षतामा **"तीनै तहका सरकारको प्रतिबद्धता: मानव बेचबिखन बिरुद्ध सबैको ऐक्यबद्धता"** भन्ने नाराका साथ संवैधानिक निकायका प्रमूख तथा पदाधिकारीहरु सरोकारवाला निकाय र सामाजिक अभियान्ता लगायतका व्यक्तिहरुको उपस्थितिमा भव्यताका साथ सम्पन्न भयो ।

उक्त समारोहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउनु हुने व्यक्ति, संस्था, सञ्चार क्षेत्र तथा स्थानीय तहको उच्च मूल्याङ्कन गर्दै पुरस्कार तथा सम्मान पत्र वितरण गरियो ।साथै उक्त समारोहमा माईती नेपाल र शक्ति समूहको तर्फबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सन्देशमुलक प्रस्तुती रहेको थियो ।उक्त कार्यक्रममा मानव बेचबिखन पिडितहरुले उत्पादन गरेको समाग्रीहरुको प्रर्दशनी समेत गरिएको थियो । मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अठारौं राष्ट्रिय दिवस अवसरमा मन्त्रालयले माननीय मन्त्रीज्यूको समुपस्थितीमा मानव बेचबिखन प्रभावितसँग अन्तरक्रिया कार्यक्रम समेत आयोजना गरेको थियो।

मुल समारोह कार्यक्रमका प्रमुख अतिथि तथा माननीय मन्त्रीज्युले मानव बेचबिखन जघन्य र निकृष्ट कार्य हो, यसको नियन्त्रणका लागि तीन तहको सरकार तथा सबै सरोकारवालको समन्वय र सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार मुक्त र मर्यादित समाज निर्माण गर्न आजको यस दिवसले थप उर्जा र उत्प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

यसै सर्न्दभमा पुरस्कृत व्यक्तिको तर्फबाट श्री पम्फा अधिकारीजले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यमा सबै एक जुट भई लाग्नु पर्ने कुरामा जोड दिनुभयो । महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन)का अध्यक्ष श्री तारा भण्डारीले मानव बेचबिखन नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको घरेलुकरण गरी मानव बेचबिखन विरुद्ध राष्ट्रिय नीतिको आवश्यकता रहेको औंल्याउनु भयो।

उक्त कार्यक्रममा सम्मानित संस्थाको तर्फबाट सिद्धार्थनगर नगरपालिका प्रमुख एवं संविधान सभा सदस्य श्री इश्तियाक अहमद खानले २१औ शताब्दीमा पनि मानव बेचबिखन हुनु एक लज्जास्पद विषय भएकोले सबै एकजुट भई यसको अन्त्यमा लाग्न अनुरोध गर्नुभयो ।साथै सो समारोहमा उपस्थिति अतिथिज्यूहरुले शुभकामना मन्तव्य राखु भएको थियो ।

कार्यक्रमका अध्यक्ष एवं श्रीमान् सचिवज्यूले मानव बेचबिखनको परिवर्तित स्वरुप र क्षेत्रलाई मध्यनगर गरी सोही बमोजिम मन्त्रालय सम्बेदनशील भई कार्यक्रम सञ्चालन गरिरहेको तथा मानव बेचबिखनबाट भएका पिडितलाई समाजमा सम्मानित भई बाँच्न पाउने वातावरणको सृजना गर्नु सबैको कर्तव्य रहेको विषयमा जोड दिदै मानव बेचबिखन बिरुद्धको क्षेत्रमा सक्रियताका साथ लाग्न आव्हान गर्नु भयो। साथै सम्पूर्ण सहभागीलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

भाद्र २०,२०८१

२०८१।५।२०

दिपक राज नेपाल
प्रवक्ता/सहसचिव